# रुरुक्षेत्र गाँउपालिका

## रुरुक्षेत्र  गाउँपालिका खानेपानी मुल दर्ता तथा सरसफाई उपभोक्ता समिति कार्यविधि, २०७७

रुरुक्षेत्र गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ८ मितिः २०७७/१२/०४ (अतिरिक्तांक)

भाग-२

रुरुक्षेत्र गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गुल्मी, **लुम्बिनी प्रदेश**

## रुरुक्षेत्र  गाउँपालिका खानेपानी मुल दर्ता तथा सरसफाई उपभोक्ता समिति कार्यविधि, २०७७

सम्बत २०७७ को **कार्यविधि** नं. ६ *गाउँकार्यपालिका बाट स्वीकृत* मिति :२०७७/१२/०४

# रुरुक्षेत्र  गाउँपालिका खानेपानी मुल दर्ता तथा सरसफाई उपभोक्ता समिति कार्यविधि, २०७७

**प्रस्तावनाः** रुरुक्षेत्र  गाउँपालिका क्षेत्र भित्र स्वच्छ खानेपानीको पहुँच सबै गाउँवासीहरुमा पुऱ्याउने उदेश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको स्थापना तथा दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न बान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (ध) र (प) बमोजिम रुरुक्षेत्र गाउँ कार्यपालिकाबाट मिति २०७७/१२/०४  मा स्वीकृत भई खानेपानी मुल दर्ता तथा सरसफाई उपभोक्ता समिति कार्यविधि बनाईएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "रुरुक्षेत्र गाउँपालिका खानेपानी मुल दर्ता तथा सरसफाई उपभोक्ता समिति कार्यविधी, २०७७" रहेको छ ।

(२) यो कार्यविधि रुरुक्षेत्र  गाउँपालिका भित्र लागु हुनेछ ।

(३) यो कार्यविधि तत्काल प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "खानेपानी" भन्नाले स्वच्छ पिउने पानीलाई सम्झनुपर्छ ।

(ख) "अध्यक्ष" भन्नाले गाउँपालिका अध्यक्षलाई सम्झनुपर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले गाउँपालिका उपाध्यक्षलाई सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रुरुक्षेत्र  गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले विधान अनुसार गठन भएको खानेपानी तथा सरसफाई उपभोक्ता समिति सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेको मापदण्ड, निर्देशिकामा  तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

३. **उपभोक्ता समिति दर्ता गर्नु पर्नेः** (१) स्थानीयस्तरमा व्यक्तिगत वा सामुदायिक रुपमा आफ्नो निमित्त खानेपानी तथा सरसफाई एवं अन्य घरेलु प्रयोगको लागि खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गरेर मात्र उपभोक्ता समिति स्थापना गर्नु पर्नेछ । यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि उपभोक्ता समिति स्थापना गर्नु हुँदैन ।

४. **खानेपानीको मुल दर्ता गर्नुपर्ने:** (१) गाउँपालिकाको क्षेत्रमा खानेपानी उत्पादनको मुख्य श्रोत मुहान (मुल) बाट संकलन गरी खानेपानी व्यवस्थापन गर्नु पर्ने अवस्थामा सो मुल सहित आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्नु पर्नेछ । खानेपानी तथा सरसफाई उपभोक्ता समितिले खानेपानी व्यवस्थापन गरी सार्वजनिक उपभोग गर्नको लागि खानेपानी संकलन गर्ने उत्पादनको मुख्य श्रोत मुहान (मुल) दर्ता को लागि गाउँपालिका समक्ष निबेदन गर्नु पर्नेछ । निबेदन भएपछि निम्न अनुसारको ७ (सात) सदस्यीय समितिले मुल दर्ता गर्न मिल्ने नमिल्ने सम्वन्धमा स्थलगत अध्ययन सहित छानविन गरी दर्ता गर्न मिल्ने अवस्था देखिएमा मुल दर्ताको लागि गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्न सक्नेछ । छानबिन गर्दा मूल दर्ता गर्न नमिल्ने भएमा सोही व्यहोरा जनाई निवेदकलाई जानकारी दिनुपर्नेछ ।

(१) संयोजक – सामाजिक विकास समितिको संयोजक

(२) सदस्य – सम्बन्धित वडाको वडा अध्यक्ष

(३) सदस्य – कार्यपालिकाका सदस्यहरु मध्ये बाट संयोजकले तोकेको एकजना

(४) सदस्य – कार्यपालिकाका महिला सदस्य मध्येबाट संयोजकले तोकेको एकजना

(५) सदस्य – खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु मध्येबाट समितिले मनोनित गरेको कम्तिमा एक महिला सहित २ जना

(६) सदस्य सचिब – इन्जिनियर , रुरुक्षेत्र गाउँपालिका

(२)उपदफा (१) बमोजिम मूल दर्ताको लागि सिफारिस भइ आएमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जांचबुझ गरी दर्ता गर्न उचित ठानेमा प्रमाणपत्र दिनेछ ।

(३) यस दफा अन्तरगत दिइने प्रमाणपत्रको ढाचा अनुसूची -१ बमोजिम हुनेछ ।

(४) प्रमुख प्रशासकीय अधिकृतले कुनै मूल दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ (पैतिस) दिनभित्र त्यस्तो निर्णय उपर कार्यपालिका समक्ष उजुर गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको उजुर प्राप्त भएपछि कार्यपालिकाले आवश्यक जांचबुझ गरी त्यस्तो मूल  दर्ता गर्न मनासिव ठहरिएमा सो समिति दर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई लिखित आदेश दिन सक्नेछ र त्यस्तो लिखित आदेश प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले मूल  दर्ता गरिदिनु पर्नेछ ।

**५. समिति दर्ताः**

(१) समिति दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले समिति सम्वन्धी देहायको विवरण खुलाई समितिको विधानको एक प्रति र तोकिएको दस्तुर सहित गाउँकार्यपालिका  समक्ष अनुसूची -२  को ढाँचामा निवेदन दिनु पर्नेछ ।

क) समितिको नाम,

ख) उदेश्यहरु,

ग) समितिका सदस्यहरुको नाम, ठेगाना, पेशा र नागरिकताको प्रतिलिपी,

घ) कार्यालयको ठेगाना,

ङ) समिति संचालनको विधि र प्रक्रिया

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि दफा ४ को समितिको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी समिति दर्ता गर्न उचित ठानेमा समिति दर्ता गरी प्रमाण-पत्र दिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले कुनै समिति दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ (पैतिस) दिनभित्र त्यस्तो निर्णय उपर कार्यपालिका समक्ष उजुर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजुर प्राप्त भएपछि कार्यपालिकाले आवश्यक जांचबुझ गरी त्यस्तो समिति दर्ता गर्न मनासिव ठहरिएमा सो समिति दर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई लिखित आदेश दिन सक्नेछ र त्यस्तो लिखित आदेश प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले समिति दर्ता गरिदिनु पर्नेछ ।

(५) यस दफा अन्तर्गत दिईने प्रमाण-पत्रको ढाँचा अनुसूचि-३ बमोजिम हुनेछ ।

(६) दर्ता भएको समिति प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र नविकरण गर्नु पर्नेछ ।यस आ. व.को लागि  दर्ता दस्तुर रु १,०००।- (एक हजार), नविकरण

दस्तुर वार्षिक रु. ५००।- (पाँच सय) तिर्नु पर्नेछ । आगामी आ .व .को लागि गाउँपालिकाको आर्थिक ऐन मा व्यवस्था भए बमोजिम हुनेछ ।

६. **समिति संगठित संख्या मानिनेः**

(१) यस कार्यविधि अन्तर्गत दर्ता भएको समिति अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित समिति हुनेछ । सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

७. **समितिको सम्पत्तीः**

(१) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ती दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँपालिकाले त्यस्तो सम्पत्ती दुरुपयोग गर्ने, कब्जा वा रोक्का राखेबाट लिई समितिलाई फिर्ता बुझाईदिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको सम्पत्ती फिर्ता गर्ने गरी गाउँपालिकाले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले सम्वन्धित अदालतमा उजुर गर्न सक्नेछ ।

(३) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको कुनै सम्पत्ती वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा समिति वा समितिको कुनै सदस्य उपर प्रचलित कानुन बमोजिम गाउँपालिकाले कारवाही चलाउन सक्नेछ ।

८. **यस अघि दर्ता भई वा नभई स्थापना भएका समितिले दर्ता गर्नेः** (१) यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता भइ वा नभई स्थापना भईरहेका समितिले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले ६ (छ) महिनाभित्र यो कार्यविधि बमोजिम सुचिकृत वा दर्ता गराउनु पर्नेछ । सूचिकृत वा दर्ता हुनको लागि गत आ.व. सम्मको लेखा परिक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

९. **समितिको उदेश्यहरुमा हेरफेरः**

(१) समितिको उदेश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो समितिलाई कुनै अर्को समितिमा गाभ्न उचित देखेमा सो समितिले तत् सम्वन्धी प्रस्ताव तयार पारी सो

प्रस्ताब उपर छलफल गर्न समितिको विधान बमोजिम साधारणसभा बोलाउनु पर्नेछ ।

(२) साधारणसभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्ताबमा समर्थन जनाएमा सो प्रस्ताब साधारणसभाबाट पारित भएको मानिनेछ । तर, सो प्रस्ताब लागु गर्न गाउँपालिकाको पूर्व स्वीकृत लिनु पर्नेछ ।

१०. **समितिको वर्गिकरणः-** दर्ता अनुमति प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको व्यवस्थापनबाट खानेपानी उपलब्ध गराउने उपभोक्ता सदस्य संख्याको आधारमा निम्न अनुसार उपभोक्ता समितिको बर्गिकरण हुनेछ ।

(१) ५०१ जना वा सो भन्दा बढि उपभोक्ता सदस्य भएको (क वर्ग)

(२) २०१ देखि ५०० जना उपभोक्ता सदस्य भएको (ख वर्ग)

(३) १०० जना सम्म उपभोक्ता सदस्य भएको (ग वर्ग)

११. **तदर्थ समिति गठन गर्न सकिनेः-** यस अघि दर्ता स्वीकृती प्राप्त गरी सञ्चालनमा रहेका र नयाँ अनुमति प्राप्त गरी स्थापना हुने उपभोक्ता समितिहरुले तोकीए बमोजिम ६(छ) महिनाभित्र साधारण सभा गरी उपभोक्ता समिति गठन प्रकृया पुरा गरेमा त्यस्ता तदर्थ समिति वा अवधी पुरा भएका उपभोक्ता समितिहरुलाई विघटन गरी संचालन नियमित गर्न गाउँपालिकाको तर्फबाट सम्बन्धित उपभोक्ता सदस्यहरु मध्येबाट तदर्थ समिति गठन गरी साधारण सभा समेतका आवश्यक प्रकृया काम कारवाही गरी गराई व्यवस्थापन गर्न सकिनेछ ।

१२. **संघ गठन गर्न सकिनेः-** दर्ता स्वीकृती प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु मध्येबाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी गाउँ स्तरिय खानेपानी तथा सरसफाई उपभोक्ता संघ गठन गरी सोही संघको प्रत्यक्ष रेखदेख सहयोग मातहतमा अन्य सम्पुर्ण उपभोक्ता समितिहरुलाई व्यवस्थीत रुपमा संचालन गरीनेछ ।

१३. **हिसाबको विवरण पठाउनु पर्नेः** उपभोक्ता समितिले आफ्नो समितिको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक बर्ष गाउँकार्यपालिकामा पठाउनु पर्नेछ ।

१४. **हिसाब जाँच गर्नेः**

(१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाव आफुले नियुक्ति गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जवाफ दिनु समितिको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले गाउँकार्यपालिकाले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन गाउँकार्यपालिका समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ती सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने गाउँकार्यपालिकालाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानुन बमोजिम कारवाही चलाउन सक्नेछ । तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्धा चलाउन सक्नेछ ।

१५. **निर्देशन दिनेः** गाउँकार्यपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित समितिको कर्तव्य हुनेछ ।

१६. **दण्ड सजायः**

(१) दफा ४ बमोजिम मूल दर्ता भई समिति स्थापना गरेमा वा दफा ५ बमोजिम दर्ता नगरी समिति संचालन गरेमा त्यस्ता समितिका सदस्यहरुबाट गाउँकार्यपालिकाले जनही एक हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा १३ बमोजिम हिसावको विवरण नपठाएमा समितिका सदस्यहरुबाट गाउँकार्यपालिकाले जनही एक हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ । तर, कुनै सदस्यले दफा १३ उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा १४ को उपदफा (१) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्वन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई गाउँकार्यपालिकाले एक हजार रुपैंया सम्म जनही जरिवाना गर्न सक्नेछ ।

(४) दफा ९ बमोजिम गाउँकार्यपालिकाको स्वीकृति नलिई समितिको उदेश्यमा हेरफेर गरेमा वा अर्को समितिसित गाभेमा वा समितिले आफ्नो उदेश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

१७. **पुनरावेदनः** दफा १६ को उपदफा (४) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पैतिस दिन भित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ ।

१८. **समितिको विघटन वा त्यस्को परिणामः** (१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।

(२)उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याए सम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्ने छ । (३) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्व समितिको जायजेथाले नभ्याएमा नपुग दायित्व समितिका पदाधिकारीको जायजेथाबाट प्रचलित कानुन अनुरुप असुल उपर गरिनेछ ।

१९. **मापदण्ड, निर्देशिका बनाउने अधिकारः** यस कार्यविधिको उदेश्य कार्यान्वयन गर्न गाउँपालिकाले मापदण्ड, निर्देशिका बनाउन सक्नेछ ।

२०. **विघटन तथा संचालनः** समितिले आफ्नो विधान अनुसारको तोकिएको समयावधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा उक्त कार्यसमितिको स्वतः विघटन भएको मानी अर्को कार्यसमिति चयन नभए सम्म गाउँकार्यपालिकाले तोकेको तदर्थ समितिबाट समिति संचालन गर्नेछ ।

२१. **खारेजी र बचाउः** खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि लागु हुनु पुर्व जलस्रोत ऐन २०४९ अन्तर्गत दर्ता भएका समिति यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ ।

अनुसुची-१

(दफा ४ को उपदफा ३ सँग सम्बन्धित)

**खानेपानी मूल दर्ता प्रमाण-पत्र**

दर्ता नम्बरः

**रुरुक्षेत्र गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**बलेटक्सार, गुल्मी ।**

मितिः......................

(मुलको नाम ) का अध्यक्ष (खानेपानी उपभोक्ता समितिका अध्यक्ष ) ..................................
..................................

खानेपानी तथा सरफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७ को दफा (४) को उपदफा (२) बमोजिम..................साल....................महिना................गतेमा यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ, खानेपानी तथा सरफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

सहीः

नाम, थरः

पदः

अनुसुची-२

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## निवेदन पत्रको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
रुरुक्षेत्र गाउँपालिका, गुल्मी ।

महोदय,

हामीले...........................................उपभोक्ता समिति गठन गरी दर्ता गराउन चाहेकोले खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७७ दफा ५ को उपदफा (१) बमोजिम उपभोक्ता समिति दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता समितिको एकप्रति विधान र एक हजार रुपैयाँ दस्तुर सहित दरखास्त दिएका छौं ।

**विवरणः**

१. उपभोक्ता समितिको नामः

२. कार्यक्षेत्रः

३. उद्देश्यहरूः (क) (ख)

४. सदस्यहरूको नाम ठेगाना पेशा र ना.प्र.प.नं.

क) ख)

५. उपयोग गरिने जलस्रोतको विवरणः

क) जलस्रोतका नाम र रहेको ठाउँ

ख) जलस्रोतबाट गरिने प्रयोगः

ग) उपभोक्ता समितिले उपयोग गर्न चाहेको जलस्रोतको परिमाणः

घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोगः

६. उपभोक्ता समितिले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरणः

क) सेवाको किसिमः

ख) सेवा पुऱ्याउने क्षेत्रः

ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्याः

घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः

७. आर्थिक स्रोतको विवरणः

८. कार्यालयको ठेगानाः

निवेदक, उपभोक्ता समितिको तर्फबाट दरखास्त दिनेको

सहीः

नामः

पदः

ठेगानाः

अनुसुची-३

(दफा ५ को उपदफा ५ सँग सम्बन्धित)

दर्ता नम्बरः

**रुरुक्षेत्र गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**बलेटक्सार, गुल्मी ।**

**खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता प्रमाण-पत्र**

मितिः......................

श्री (सम्बन्धित उपभोक्ता समितिको नाम) ................................. ..................................

खानेपानी तथा सरफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७ को दफा (५) को उपदफा (२) बमोजिम..................साल...................महिना................गतेमा यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ, खानेपानी तथा सरफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

सहीः

नाम, थरः

पदः

**प्रमाणीकरण मिति** मिति :२०७७।१२।०४